Better Together.

Nepali | नेपाली

# जातिवाद विरुद्ध प्रत्यक्षदर्शी (Bystander Anti-Racism) को प्रशिक्षण तथ्यपत्र

## जर्जिज् रिभर काउन्सिल (Georges River Council)

**"कुनै पनि समस्या समाधान गर्न पहिलो चरण भनेको समस्या छ भनेर बुझ्नु हो। जब मानिसहरूले जातिवादको अस्तित्वलाई अस्विकार गरिरहन्छन्, त्यहाँ एक वातावरण विकसित हुन्छ जहाँ जातिवादी व्यवहारहरू सामान्य हुन्छन्।"[1]**

जातिवाद समाजको सबै तहमा देखा पर्न सक्छ। हामीले जातिवादलाई चुनौती दिन सामूहिक जिम्मेवारी लिनुपर्छ चाहे त्यो प्रणालीगत, पारस्परिक, वा आन्तरिक किन नहोस्।

## हामीले जातिवादलाई कसरी परिभाषित गर्ने र बुझ्ने?

जातिवादले समाजमा जातीय, जातिवादी, सांस्कृतिक, वा धार्मिक समूहहरूमा शक्ति, स्रोतहरू, र अवसरहरूमा वञ्चित गर्न सकिने र अनुचित असमानताहरूलाई कायम राख्छ र बढाउँछ।[2]

**जातिवादलाई खुलेर वा लुकाएर व्यक्त गर्न सकिन्छ:**

- विश्वासहरू (जस्तै, नकारात्मक, र गलत रुढीवादी प्रचलनहरु)।
- भावनाहरू (अर्थात्, डर, घृणा, वा अर्को समूहप्रति घृणा)।
- व्यवहार/अभ्यासहरू (जस्तै, अनुचित व्यवहार, बहिष्कार, वा दुर्व्यवहार)।[3]

**जातिवादले धेरै तरिकामा काम गर्न सक्छ, जस्तै:**

- प्रणालीगत जातिवाद: औपचारिक अभ्यासहरू, नीतिहरू, प्रक्रियाहरू, र सर्तहरू जसले संगठनहरू र संस्थाहरूभित्र जातिवादी, जातीय, सांस्कृतिक, वा धार्मिक समूहहरू बीचको शक्तिलाई भिन्न गर्ने गर्दछ।[4]
- अन्तरवैयक्तिक जातिवाद: जहाँ मानिसहरूबीच पूर्वाग्रह र भेदभावपूर्ण अन्तरक्रिया हुन्छ।
- आन्तरिक जातिवाद: जहाँ कलंकित बनाइएका समूहहरूले तिनीहरूको आफ्नै क्षमता र आन्तरिक मूल्यको बारेमा नकारात्मक सन्देशहरू स्वीकार र ग्रहण गर्छन्।

## जातिवादको असर के हो?

जातिवादको प्रभावहरू दूरगामी हुन्छ र व्यक्तिमा निम्न नकारात्मक प्रभावहरू हुन सक्छन्:

- स्वास्थ्य र कल्याण।
- सुरक्षा र गतिशीलताको भावना।
- शैक्षिक र रोजगारीको नतिजा।
- आवास, स्वास्थ्य सेवा, र अन्य आवश्यक सेवाहरूमा पहुँच।

फराकिलो स्तरमा, जातिवादले अन्तर-समूह सम्बन्ध, सामाजिक एकता, बहुसांस्कृतिक एजेन्डा र अन्तर्राष्ट्रिय सम्बन्धमा पनि दूरगामी प्रभाव पार्छ।।

## हामीलाई जातिवादलाई चुनौती दिनबाट रोक्ने अवरोधहरू

जातिवाद देख्ने प्रत्यक्षदर्शीहरुले धेरै अवरोधहरूको सामना गर्नुपर्ने हुन सक्छ, चाहे तिनीहरूको प्रवृत्तिले काम गरोस् वा नगरोस्। ।

यी अवरोधहरू निम्न लगायतका छन्:

- कसरी हस्तक्षेप गर्ने भन्ने कुरामा आत्मविश्वास र सीपको कमी।
- असुरक्षित महसुस गर्ने र अपराधीले आक्रामक रूपमा कार्यवाही गर्छ भन्ने सोच्नु।
- यसमा संलग्न हुनु उनीहरूको कुनै काम होइन भन्ने महसुस हुनु।[5]
- जातिवादको अस्वीकार।

जातिवाद भएको अस्वीकार गर्नु आधुनिक जातिवादको प्रमुख विशेषता मानिन्छ। यो व्यक्तिगत, संस्थागत र राजनीतिक वृत्तमा हुन्छ। जब हामी जातिवादलाई स्वीकार गर्न अस्वीकार गर्छौं वा जब हामी जातिवादको लागि जिम्मेवारी लिन अस्वीकार गर्छौं, यस्तोलाई अस्वीकार भनिन्छ। जातिवादको अस्वीकार प्रत्यक्ष जातिवाद जस्तै हानिकारक छ।[6]

## जातिवाद विरुद्ध प्रत्यक्षदर्शी (Bystander Anti-Racism) भनेको के हो?

जातिवाद विरुद्ध प्रत्यक्षदर्शी भनेको कुनै व्यक्ति वा व्यक्तिहरुले जातिवाद देखे र जातिवादी घटनाको प्रतिक्रियामा कारबाही गर्नु हो।

यस्ता कार्यहरूमा अपराधी (हरू) सँग कुरा गर्ने, जातिवादको विरुद्धमा बोल्ने, र/वा अन्यलाई पारस्परिक वा प्रणालीगत जातिवादविरुद्ध प्रतिक्रिया दिन (या त प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा, तुरुन्त वा पछि) समर्थन गर्नेलगायतका पर्छन्।[7]

एक प्रत्यक्षदर्शी जातिवाद विरोधी कार्यको प्रदर्शनको निम्न उद्देश्य छन्:

- जातिवादको निरन्तरता बन्द गर्न।
- जातिवादको कारण हुनसक्ने शारीरिक, मनोवैज्ञानिक र सामाजिक हानिहरू रोक्न।
- जातिवादको असहिष्णुतालाई बढावा दिने फराकिलो सामाजिक मान्यताहरूलाई बलियो बनाउन र जातिवादबाट प्रभावितहरूलाई मद्दत गर्न।

जातिवाद विरुद्ध प्रत्यक्षदर्शी हस्तक्षेपले जातीय भेदभावको पीडितलाई समर्थन गर्न र घटनाका साक्षी वा प्रत्यक्षदर्शीहरूलाई पीडितबाट प्रतिक्रिया दिने बोझ कम गर्ने काम गर्दछ।

## जातिवादको अनुभव गरेको व्यक्तिलाई म कसरी सहयोग गर्न सक्छु?

जातिवादलाई बाधा पुऱ्याउन सधैं हस्तक्षेप गर्ने तरिका हुन्छ। सबैभन्दा प्रभावकारी प्रतिक्रिया दिनको लागि तपाईंलाई मार्गदर्शन गर्न तपाईं कुन अवस्थामा हुनुहुन्छ र तपाईंका साथ भएका मानिसहरूलाई विचार गर्न सम्झनुहोस्।

स्थिति अनुसार तपाईं तुरुन्त वा पछि प्रतिक्रिया दिन सक्नुहुन्छ।

यहाँ केही विकल्पहरू छन् जुन तपाईंले विचार गर्न सक्नुहुन्छ:

- **जातिवादलाई लक्ष्य गर्नुहोस्।** तिनीहरू कस्तो छन् र तिनीहरूलाई कस्तो प्रकारको सहयोग चाहिन्छ जाँच गर्नुहोस्।
- **यस बिरुद्ध बोल्नुहोस्** - यदि यो गर्न सुरक्षित छ भने। जातिवादी घटनाको दोषीलाई थाहा दिनुहोस् कि उनीहरूले भनेका कुराले तपाईंलाई असहज र अपमानित महसुस गरेको छ। तिनीहरूको आत्माको राम्रो भावनाको लागि अपिल गर्नुहोस् र तिनीहरूलाई थाहा दिनुहोस् कि तपाईंले तिनीहरूबाट यस्तो संकीर्ण वा पूर्वाग्रहपूर्ण विचारहरूको अपेक्षा गर्नुभएको थिएन।
- **उजुरी गर्नुहोस्** – जातिवादी घटनाको प्रमाण सङ्कलन र दस्तावेज गर्ने र उपयुक्त अधिकारीलाई रिपोर्ट गरिएको सुनिश्चित गर्ने। उजुरी प्रक्रियाको सामना गर्न तयार छन् भनी सुनिश्चित गर्न सम्भव भएसम्म लक्षमा परेकाको सहमति छ भनी निश्चित गर्नुहोस्।
- **चेतना जगाउने** – जातिवादका हानिकारक प्रभावहरूबारे सचेतना जगाउन र जातिवाद रोक्न सकिने विभिन्न तरिकाहरूबारे कुरा गर्न सहकर्मीहरू, परिवार र समुदायसँग महत्त्वपूर्ण कुराकानी गर्नुहोस्।[8]
- **परिवर्तनहरू ल्याउनुहोस्** – तपाईंले काम गर्ने र स्वयंसेवा गर्ने संस्था (हरू) भित्र नीति र प्रक्रियालाई प्रभाव पार्न सक्नुहुन्छ। सुनिश्चित गर्नुहोस् कि तपाईं संलग्न भएको संगठनले सबैलाई मर्यादा, सम्मान र न्यायको साथ व्यवहार गर्नको लागि सुरक्षित स्थान प्रदान गर्दछ।

## कानून र जातिवाद

जातीय भेदभाव ऐन 1975 (RDA) ले कुनै व्यक्तिलाई जाति, रंग, वंश, राष्ट्रिय उत्पत्ति वा जातीय मूल, वा आप्रवासी स्थितिको कारणले भेदभाव गर्नुलाई गैरकानूनी बनाउँछ। RDA ले रोजगारी, शिक्षा, सेवाहरू प्राप्त गर्ने वा प्रयोग गर्ने, भाडामा लिने वा सम्पत्ति खरिद गर्ने र सार्वजनिक स्थानहरूमा पहुँचसहित सार्वजनिक जीवनका धेरै क्षेत्रहरूमा जातीय भेदभावबाट मानिसहरूलाई जोगाउँछ।[9]

RDA अन्तर्गत, कुनै व्यक्ति वा समूहलाई उनीहरूको जात, रंग, वा राष्ट्रिय वा जातीय उत्पत्तिको कारणले अपमान, गिराउने, लज्जाबोध गराउने वा धम्की दिने खालका कार्य वा भनाइ सार्वजनिक रूपमा गर्नु गैरकानूनी छ। यो व्यवहारलाई जातीय घृणा भनिन्छ। कुनै व्यक्ति जसले अर्को व्यक्तिलाई जातीय रूपमा आपत्तिजनक व्यवहारको अधीनमा राख्छ त्यो त्यस व्यवहारको लागि मुख्यरूपमा जिम्मेवार हुन्छ। रोजगारदाताहरुलाई पनि तिनीहरूका कर्मचारीहरू वा एजेन्टहरूद्वारा गरिने जातीय घृणाका कार्यहरूका लागि जिम्मेवार - वा गम्भीर रूपमा उत्तरदायी - ठहराउन सकिन्छ।[10]

## हामी सबैमा एक्यबद्धता हुनु राम्रो हो। (Better Together)

यो कागजात नोभेम्बर २०२२ मा Zarlasht Sarwari (Challenging Racism Project, Western Sydney University) द्वारा तयार गरिएको थियो।

**थप जानकारीको लागिः**

- जातिवादलाई चुनौती परियोजनाको वेबसाइट हेर्नुहोस्।
- जर्जिज् रिभर काउन्सिललाई सम्पर्क गर्नुहोस्, तपाईं कसरी Better Together पहल लाई समर्थन गर्न सक्नुहुन्छ भनेर जान्नको लागि:
    - इमेल मार्फत: communitycapacitybuilding@georgesriver.nsw.gov.au
    - फोन मार्फत: (02) 9330 6400।

यदि तपाईंले जातिवाद देख्नुहुन्छ वा अनुभव गर्नुहुन्छ भने, तपाईंले यसको उजुरी गर्न, सहयोग खोज्न वा नकारात्मक प्रभाव परेकाहरूलाई सहयोग गर्न सक्नुहुन्छ।

1. आपतकालीन अवस्थामा 000 मा फोन गर्नुहोस्
2. क्राइम स्टपर्स (Crime Stoppers) लाई फोन गर्नुहोस्: 1800 333 000
3. कुनै पनि प्रहरी चौकीमा व्यक्तिगत रूपमा गएर उजुरी गर्नुहोस्।

अष्ट्रेलियाली मानवअधिकार आयोग (Australian Human Rights Commission) मा जातिवाद वा भेदभावको बारेमा उजुरी दर्ता गर्न:

| | |
|---|---|
| **फोन** | **जानकारी लाइन**: 1300 656 419 (स्थानीय कल)<br><br>**टीटीवाई (TTY)**: 1800 620 241 (निःशुल्क) |
| **इमेल** | complaintsinfo@humanrights.gov.au |
| **हुलाक** | Australian Human Rights Commission<br>GPO Box 5218<br>Sydney NSW 2001 |
| **अनलाइन** | गुनासा \|अष्ट्रेलियाली मानवअधिकार आयोग<br>(Complaints \| Australian Human Rights Commission) |

तपाईंले निम्न तरिकाहरूमा पनि जातिवादको रिपोर्ट गर्न सक्नुहुन्छ:

| | |
|---|---|
| eSafety आयुक्तको कार्यालय | अनलाइनमा हुने घटनाको लागि। |
| भेदभाव-विरोधी NSW<br>(Anti-Discrimination NSW) | यदि तपाईं विश्वास गर्नुहुन्छ कि तपाईंले भेदभाव, यौन उत्पीडन, अपमान वा पीडित अनुभव गर्नुभएको छ भने, तपाईं उजुरी गर्न सक्नुहुन्छ। तपाईंले आफ्नो गुनासो लिखितरूपमा राख्नु पर्छ। |
| बोल्नुहोस् / आदिबासी जातिवाद दर्ता | आदिबासी जातिवाद दर्ता (The First Nations Racism Register) आदिबासी मानिसहरुतर्फ जातिवाद र भेदभावका घटनाहरू रिपोर्ट गर्ने मानिसहरूका लागि सरल र सुरक्षित तरिका हो। |
| इस्लामोफोबिया दर्ता<br>(Islamophobia Register) | इस्लामोफोबिया दर्तामा रिपोर्ट दिंदा औपचारिक अनुसन्धान हुँदैन, तर यो अष्ट्रेलियाभरि हुने इस्लामोफोबिया र मुस्लिम विरोधी भावनाका घटनाहरूको बारेमा ज्ञान निर्माण गर्न सुरक्षित रिपोर्टिङ संयन्त्र हो। |
| एसियन अष्ट्रेलियन गठबन्धन दर्ता | एसियाली पृष्ठभूमिका अष्ट्रेलियालीहरूका लागि जातीय भेदभावका घटनाहरूका बारेमा तथ्याङ्क सङ्कलन गर्न मद्दत गर्न तपाईंले COVID-19 जातिवादी घटना रिपोर्ट पूरा गर्न सक्नुहुन्छ। |

**साभार**

[1] Quote from documentary*, 'Is Australia Racist',* SBS, 2016.
[2] Gabrielle Berman & Yin Paradies (2010) "Racism, disadvantage and multiculturalism: towards effective anti-racist praxis", *Ethnic and Racial Studie*s, 33:2, 214-232.
[3] Berman & Paradise (2010), op. cit.
[4] Berman & Paradies (2010), op. cit.
[5] Jacqueline K. Nelson, Kevin M. Dunn & Yin Paradies, 2011, "Bystander Anti-Racism: A Review of the Literature", *Analyses of Social Issues and Public Policy*, Vol. 11, No. 1, pp. 263—284.
[6] Teun A. van Dijk, 1992, "Discourse and the denial of racism", *Discourse & Society*, Vol. 3, No. 1 (1992), pp. 87-118.
[7] Jacqueline K. Nelson, Kevin M. Dunn & Yin Paradies, 2011, "Bystander Anti-Racism: A Review of the Literature", *Analyses of Social Issues and Public Policy*, Vol. 11, No. 1, pp. 263—284.
[8] Nelson, Dunn & Paradies, 2011, op. cit.
[9] Australian Human Rights Commission (AHRC) Website, https://humanrights.gov.au/quick-guide/12083, accessed October 2022.
[10] AHRC Website, op. cit.